आकाशवाणी समाचार- नेपाली
मितिः २५ जनवरी २०२६
समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रिय बालिका दिवसको अवसरमा पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले छोरीहरू समाजको भविष्यका शिल्पकार हुन् र बंगालमा बालिकाहरूको सम्मान र सशक्तिकरण केवल एक दिन मात्र नभई वर्षभरि मनाइन्छ भनी बताउनु भयो।

- भाजपा प्रदेश अध्यक्ष सुकान्त मजुमदारले तृणमूल कांग्रेसमाथि कडा आक्रमण गर्नु भएको छ।

- पश्चिम बंगालमा मतदाता नामावलीको विशेष गहन संशोधन एसआईआर सम्बन्धी प्रशासनिक उपायहरू कडा पारिएको छ।

- भारत सरकारको गृह मन्त्रालयले नियुक्त गरेका इन्टरलोक्युटर पंकजकुमार सिंह हिजो पहिलोपल्ट दार्जिलिङ आउनु भएको बेला दार्जिलिङका नेतृत्वहरुले भेटघाट गरेका थिए|

- घैयाबारीमा जारी नगद राशि फुटबल टुर्नामेन्टको फाइनलमा नयाँ कमान एफसी र मिक्स अप बोइज खरसाङमाझ उपाधिको लागि भीडन्त हुने भएको छ।

**राष्ट्रिय बालिका दिवस - मुख्यमन्त्री ममता**

राष्ट्रिय बालिका दिवसको अवसरमा पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले सामाजिक सञ्जालमा एक भावनात्मक सन्देश साझा गर्नु हुँदै बंगाल र सम्पूर्ण देशका छोरीहरूलाई शुभकामना र आशीर्वाद दिनु भयो। उहाँले छोरीहरू समाजको भविष्यका शिल्पकार हुन् भनी बताउनु भयो र बंगालमा बालिकाहरूको सम्मान र सशक्तिकरण केवल एक दिन मात्र नभई वर्षभरि मनाइन्छ भनी बताउनु भयो। आफ्नो सन्देशमा, मुख्यमन्त्रीले भन्नु भयो, उहाँको सरकार जन्मदेखि शिक्षा, आत्मनिर्भरता र सामाजिक सुरक्षासम्म जीवनको हरेक चरणमा छोरीहरूको साथमा उभिएको छ। उहाँले व्याख्या गर्नु भयो, यो यात्रा 'कन्याश्री' योजनाबाट सुरु हुन्छ, जुन बालिकाहरूको शिक्षा र कल्याणलाई प्रवर्द्धन गर्न र बालविवाह रोक्न सुरु गरिएको थियो। उहाँले दाबी गर्नु भयो, यस योजना अन्तर्गत अहिलेसम्म १ करोडभन्दा बढी बालिकाहरूले आर्थिक सहायता प्राप्त गरिसकेका छन्।
उहाँले 'सबुज साथी' योजनाको पनि उल्लेख गर्नु भयो जस अन्तर्गत छात्राहरूलाई विद्यालय जानको लागि साइकल प्रदान गरिन्छ। यसका साथै, सरकारले "शिक्षाश्री," "ऐक्यश्री," "मेधाश्री," र "तरुणेर स्वप्न" जस्ता योजनाहरूमार्फत नि:शुल्क पाठ्यपुस्तक, स्कूल पोशाक, जुत्ता र दिवा भोजन जस्ता शैक्षिक लाभहरू प्रदान गरिरहेको छ। मुख्यमन्त्रीले भन्नु भयो, "रूपश्री" योजनाले विवाहको समयमा युवतीहरूलाई एक पटकको आर्थिक सहायता प्रदान गर्दछ।

**भाजपा प्रदेश अध्यक्ष सुकान्त मजुमदार**

भाजपा प्रदेश अध्यक्ष सुकान्त मजुमदारले तृणमूल कांग्रेसमाथि कडा आक्रमण गर्नु भएको छ। उहाँ हिजो बागडोग्रामा आयोजित भाजपाको परिवर्तन संकल्प सभामा विधायक आनन्दमय बर्मन र राज्यसभा सांसद हर्षवर्धन सिंगलासँगै उपस्थित हुनुहुन्थ्यो। उहाँले नक्कली नाम र कागजातको अभावको कारण देखाउँदै धेरै मतदाताहरू सुनुवाइमा उपस्थित नभएको बताउनु भयो।

श्री सुकान्त मजुमदारले भन्नु भयो, तृणमूल कांग्रेसलाई "विकासको पञ्चाली" पढ्ने कुनै नैतिक अधिकार छैन। उहाँले बर्दवान, बेलडाङ्गा र दिनहाटामा भएका घटनाहरूमा पुलिसको भूमिकामाथि पनि प्रश्न उठाउनु भयो र चेतावनी पनि दिनु भएको छ। उहाँले स्पष्ट रूपमा भन्नु भयो, भाजपा डरले पछि हट्ने छैन। आवश्यक परेमा आफुहरू शिवाजी जस्तै लड्नेछन्, तर आफ्नो धर्ममा सम्झौता गर्नेछैनन्।

## प्रधानमन्त्री-मन की बात

प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहान ११ बजी आकाशवाणीको "मन की बात" कार्यक्रममा भारत र विदेशका मानिसहरूसँग आफ्ना विचारहरू साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको १३० औं संस्करण हुनेछ। यो कार्यक्रम सम्पूर्ण आकाशवाणी र दूरदर्शन नेटवर्क, एआईआर समाचार वेबसाइट र न्यूजअनएयर मोबाइल एपमा प्रसारण गरिनेछ। यो एआईआर समाचार, डीडी समाचार, प्रधानमन्त्री कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलहरूमा पनि प्रत्यक्ष प्रसारण गरिनेछ। हिन्दी प्रसारणपछि आकाशवाणीले क्षेत्रीय भाषाहरूमा पनि कार्यक्रम प्रसारण गर्नेछ।

## पश्चिम बंगाल - एसआईआर

पश्चिम बंगालमा मतदाता नामावलीको विशेष गहन संशोधन एसआईआर सम्बन्धी प्रशासनिक उपायहरू कडा पारिएको छ। कोलकातास्थित मुख्य निर्वाचन अधिकारीको कार्यालयले सबै जिल्ला निर्वाचन अधिकारीहरूलाई सुनुवाइको क्रममा प्रस्तुत गरिएका सबै एसआईआर सम्बन्धित रिपोर्टहरू र कागजातहरू निर्वाचन आयोगको ई.सी.आई. नेट पोर्टलमा सोही दिन अपलोड गर्न निर्देशन दिएको छ। यी निर्देशनहरूले स्पष्ट पार्छन् कि कुनै पनि लापरवाहीलाई कडाइका साथ व्यवहार गरिनेछ।

मुख्य निर्वाचन अधिकारीको कार्यालयले जारी गरेको पत्र अनुसार, गलत प्रविष्टिहरू र विसंगतिहरूसँग सम्बन्धित धेरैजसो मुद्दाहरूको सुनुवाइ पहिले नै सम्पन्न भइसकेको छ। यद्यपि, यी सुनुवाइहरूको समाधानसँग सम्बन्धित जानकारी र कागजातहरू पोर्टलमा अपलोड गरिएका छैनन्। यसलाई ध्यानमा राख्दै सबै निर्वाचन दर्ता अधिकारीहरू र सहायक निर्वाचन दर्ता अधिकारीहरूलाई ढिलाइ नगरी नवीनतम जानकारी अपलोड गर्न स्पष्ट निर्देशन दिइएको छ।

## तृणमूल कांग्रेसका विधायक विरुद्ध एफआईआर दर्ता

पश्चिम बंगालको मुर्शिदाबाद जिल्लामा मतदाता सूचीको विशेष गहन संशोधन एसआईआरसँग सम्बन्धित दावी र आपत्तिहरूको सुनुवाइको क्रममा भएको हिंसाको बारेमा भारतीय निर्वाचन आयोगको कडा चेतावनीपछि अन्ततः फराक्का निर्वाचन क्षेत्रका तृणमूल कांग्रेसका विधायक मनिरुल इस्लाम विरुद्ध एफआईआर दर्ता गरिएको छ। जिल्ला मजिस्ट्रेट, जो जिल्ला निर्वाचन अधिकारी पनि हुन्, ले हिजो दिउँसो एफआईआर दर्ता गर्नु भएको छ। यद्यपि, यो कारबाही निर्वाचन आयोगले तोकेको समयसीमा भन्दा लगभग ४८ घण्टा ढिलो भएको थियो। आयोगले मुर्शिदाबादका जिल्ला निर्वाचन अधिकारीलाई मनिरुल इस्लाम विरुद्ध एफआईआर दर्ता गर्न र बिहीबार साँझ ५ बजेसम्म आयोगलाई जानकारी गराउन निर्देशन दिएको थियो। आयोगले समयमै कारबाही नभएकोमा असन्तुष्टि व्यक्त गरेको थियो, जसपछि हिजो एफआईआर दर्ता गरिएको थियो।

यसप्रति प्रतिक्रिया दिंदै मनिरुल इस्लामले आम जनताको आवाज उठाउनु परेमा जेल जान स्वागत गर्ने बताउनु भएको छ। उहाँले आरोप लगाउनु भयो,भारतीय जनता पार्टी र निर्वाचन आयोग एकै भएको छ र आयोग केन्द्रमा सत्तारुढ दलको विस्तारको रूपमा काम गरिरहेको छ। यसैबीच, भाजपाले कारबाहीको स्वागत गरेको छ। भाजपाका मुर्शिदाबाद संगठनात्मक जिल्ला अध्यक्ष सुभलचन्द्र घोषले भन्नु भयो, एक निर्वाचित प्रतिनिधिले स्वायत्त निकायको काममा बाधा पुर्‍याउनु, सरकारी परिसरमा प्रवेश गर्नु, तोडफोड गर्नु र निर्वाचन अधिकारीहरूलाई मार्ने धम्की दिनु पूर्णतया अस्वीकार्य छ। उनले निष्पक्ष अनुसन्धान र कडा कारबाहीको माग गर्नु भयो।

## मुख्यमन्त्री प्रेमसिंह तामाङ - दार्जिलिङ

सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङ हिजो दार्जिलिङमा आयोजित अखिल भारतीय तामाङ बौद्ध संघको केन्द्रिय समितिको 38औं वार्षिक महाधिवेशनमा भाग लिनु भयो। उहाँले कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै यो सम्मेलन केवल वार्षिक कार्यक्रम मात्र नभई समुदायको इतिहास, मूल्यमान्यता र सामूहिक यात्राको उत्सव रहेको बताउनु भएको छ। तामाङ समुदायले करुणा, सद्भाव र सहअस्तित्वको कालातीत बौद्ध मूल्यहरूद्वारा निर्देशित हाम्रो राष्ट्रको सामाजिक, सांस्कृतिक र आध्यात्मिक संरचनामा महत्त्वपूर्ण योगदान पुर्‍याएको उहाँले बताउनु भएको छ।

मुख्यमन्त्री श्री तामाङले बौद्ध धर्मको प्रवर्द्धन, तामाङ भाषा, संस्कृति र परम्पराहरूको संरक्षण र देशभर एकतालाई सुदृढ़ पार्न संघको प्रयास सराहना गर्नु भयो। उहाँले "फ्याफुलो" पत्रिकाको विमोचन एक अर्थपूर्ण पहल रहेको बताउनु हुँदै यसले इतिहासको संरक्षण गर्न र भावी पुस्ताहरूलाई सांस्कृतिक चेतना हस्तान्तरण गर्न मद्दत गर्नेछ भनी बताउनु भएको छ।

मुख्यमन्त्रीले आयोजकहरू, विद्वानहरू, स्वयंसेवकहरू र सम्मेलनलाई सफल बनाउन अथक प्रयास गर्ने सबैप्रति कृतज्ञता व्यक्त गर्नु भयो। यसैगरी, उहाँले निमन्त्रणाको लागि आयोजकहरूलाई धन्यवाद दिनुई हुँदै अखिल भारतीय तामाङ बौद्ध संघको निरन्तर वृद्धि र सफलताको कामना गर्नु भएको छ।

**इन्टरलोक्युटर पंकजकुमार सिंह**

भारत सरकारको गृह मन्त्रालयले नियुक्त गरेका इन्टरलोक्युटर पंकजकुमार सिंहसँग हिजो पहिलोपल्ट दार्जिलिङ आउनु भएको बेला दार्जिलिङका सांसद राजु विष्ट, गोजमुमो अध्यक्ष बिमल गुरुङ, महासचिव रोशन गिरी, गोरामुमो अध्यक्ष मन घिसिङ, दार्जिलिङका विधायक निरज जिम्बा र अन्यहरुले स्वागत जनाएका थिए भने उहाँसित सबैले भेटघाट पनि गरेका थिए| यस अवसरमा दार्जिलिङका सांसद राजु विष्टले इन्टरलोक्युटर श्री सिंहलाई दार्जिलिङमा स्वागत जनाउँदै दार्जिलिङका जनताको चिरकालिक आकांक्षाहरूलाई सम्बोधन गर्ने दिशामा सबै हितधारकहरू एकबद्ध बन्ने नौलो अवसर रहेको बताउनु भएको छ। उहाँले इन्टरलोक्युटरसित भएको भेट विषयमा भन्नु भयो, 'भेटघाटको क्रममा मैले बाङ्ग्लादेश, नेपाल, भुटान, अनि चीनसँग एकदमै जोड़िएको हाम्रो क्षेत्रका भूराजनीतिक जटिलताहरूमाथि प्रकाश पार्नु भएको छ। यसले समग्र दार्जिलिङ पहाड़, तराई अनि डुवर्सलाई राष्ट्रिय सुरक्षाको दृष्टिले एकदमा महत्त्वपूर्ण क्षेत्र बनाउँदछ। मैले इन्टरलोक्युटरलाई कुनै पनि राजनीतिक पूर्वाग्रह बिना निष्पक्ष, पारदर्शी अनि समतामूलक छलफल सुनिश्चित गर्न अनुरोध गरेको छु।'

उहाँले पश्चिम बङ्गाल सरकारलगायत सबै हितधारकहरू इन्टरलोक्युटरसँग सकारात्मक ढङ्गले संलग्न हुनेछन् अनि यस प्रक्रियलाई तीव्रता दिनमा मद्दत गर्नेछन् भनी विश्वास व्यक्त गर्नु भएको छ।

**आईजीजेएफका प्रतिनिधिहरु – डीएचआर निर्देशक**

इण्डियन गोर्खा जनशक्ति फ्रण्टका प्रतिनिधिहरुले हिजो खरसाङमा दार्जिलिङ हिमालयन रेलवेका निर्देशक रिसभ चौधरीसँग भेट गरेका छन्। आईजीजेएफका प्रवक्ता रामकृष्ण शर्मा, हाम्रो हिल–तराई डुवर्स चियाबारी श्रमिक संघका समन्वयक बिपन गुरुङ र खरसाङ नगरपालिका क्षेत्रका समन्वयक अभिनन्दन रावतले निर्देशक चौधरीसँग भेट गरेका छन्। भेटघाटका क्रममा खरसाङ शहरको समग्र विकासलाई ध्यानमा राख्दै सार्वजनिक प्रयोजनका लागि मानिसहरू बस्न मिल्ने खुला स्थान, चौरास्ता जस्तै संरचना तथा पार्किङ सुविधासहितको विकास योजना सम्बन्धित प्रस्ताव प्रस्तुत गरेको जानकारी प्राप्त भएको छ। विशेषगरी खरसाङ रेलवे क्षेत्रमा उपलब्ध खुला स्थानलाई सदुपयोग गरी यस्तो पूर्वाधार निर्माण गर्न सकिए खरसाङवासीलाई ठूलो राहत र सुविधा हुने विषयमा विस्तृत छलफल भएको बताइएको छ। यस विषयमा डीएचआरका निर्देशकले प्रस्तुत प्रस्तावप्रति सकारात्मक प्रतिक्रिया जनाउँदै रेलवे क्षेत्रभित्रै उक्त योजना कार्यान्वयन गर्न सकिने सम्भावना रहेको बताउनु भएको छ। यसका साथै रेलवे विभागद्वारा छिट्टै काम शुरु गरिने आश्वासन दिँदै लगभग ४० करोड रुपियाँको बजेटमा प्रारम्भिक सोचभन्दा अझ ठूलो र प्रभावकारी परियोजना बन्न सक्ने उहाँले जानकारी गराउनु भएको छ।

यस अवसरमा खरसाङको समग्र पूर्वाधार विकास, सार्वजनिक सुविधा विस्तार तथा स्थानीय जनताको हितसँग सम्बन्धित अन्य विविध विषयहरूमा पनि छलफल भएको बताइएको छ।

**मौसम**

बंगालमा लगातार घट्दो पारालाई देखेर मानिसहरूले जाड़ो फर्केर आउने अड्कल लगाइरहेका छन्। अलिपुर मौसम विभागले राज्यभरि नै कुहिरो लाग्ने चेताउनी जारी गरेको छ। कोलकाता लगायत दक्षिण बंगालका सबै जिल्लाहरूमा आगामी तीन-चार दिनसम्म हल्कादेखि मध्यम कुहिरो लाग्ने आशंका छ जसबाट बिहान दृश्यता 999 मीटरदेखि घटेर 200 मीटरसम्म पुग्नसक्छ। उत्तर बंगालका दार्जीलिङ, जलपाईगुड़ी, कुचबिहार र उत्तर दिनाजपुरमा घना कुहिरो लाग्ने सम्भावनालाई ध्यानमा राखेर यल्लो अलर्ट जारी गरिएको छ जहाँ दृश्यता 50 मीटरसम्म घट्नसक्छ। हिजो दार्जीलिङको न्यूनतम तापमान पाँच डिग्री सेल्सियस दर्ता गरियो भने कालेबुङ र कुचबिहारमा तापमान 10 डिग्रीसम्म पुग्यो। मौसम विभागको भनाइ छ, आगामी 6 दिनसम्म राति तापमानमा कुनै ठूलो बद्लाउ हुने सम्भावना छैन, तर बिहान जाड़ो अनुभूत हुनेछ।

## घैयाबारी नगदराशि फुटबल टुर्नामेन्ट

घैयाबारीमा जारी नगद राशि फुटबल टुर्नामेन्टको फाइनलमा नयाँ कमान एफसी र मिक्स अप बोइज खरसाङमाझ उपाधिको लागि भीडन्त हुने भएको छ। घैयाबारी स्पोर्ट्स वेलफेयर एसोसिएशनद्वारा आयोजित यस टुर्नामेन्टको दोस्रो सेमिफाइनल खेल हिजो मिक्स अप बोइज खरसाङ र रोयल एफसीमाझ सम्पन्न भयो। यस म्याचको पहिलो हाफ गोलरहित समाप्त भयो। दोस्रो हाफको म्याचमा रोयल एफसीको तर्फबाट जर्सी नम्बर 10 प्रणय राईले गोल गरेर आफ्नो दललाई एक गोलको बढत दिलाए। दोस्रो हाफको खेल अन्तिम चरणमा पुग्दा प्रतिद्वन्दी मिक्स अप बोइज खरसाङको तर्फबाट जर्सी नम्बर 10 ले गोल गरेर म्याच बराबरीमा ल्याएका थिए। निर्धारित समयसम्म खेल 1-1 गोलमा बराबरीमा समाप्त भएपछि पेनल्टी सुट आउटद्वारा विजयी दल चयन गरियो। यस क्रममा रोयल एफसीलाई 4-3 गोलको अन्तरले पराजित गर्दै मिक्स अप बोइज खरसाङ फाइनलमा प्रवेश गर्न सफल बन्यो। आगामी 1 फरवरीमा हुने फाइनलमा अब मिक्स अप बोइज खरसाङ र नयाँ कमान एफसीबीच उपाधिको लागि भीडन्त हुनेछ।

***** ० ****